**आकाशवाणी गान्तोक**

**समाचार**

**क्रिस्मस पर्व**

सारा विश्वभरि आज बडादिन अथवा क्रिस्मस बढो पारम्परिक र धार्मिक हर्षोल्लासका साथ पालन गरिँदैछ। यिशु मसिहको जन्मको यस अवसरमा विभिन्न गिर्जाघरहरूमा गई भारी संख्यामा ईसाई धर्मावलम्बीहरूले प्रार्थना सभामा भाग लिए। देशका अरु भाग सरह सिक्किममा पनि ईसाईहरूले बढो हर्षोल्लासका साथ क्रिस्मस पर्व मनाइरहेका छन्। उनीहरूले विभिन्न गिर्जनाघरमा आयोजित प्रार्थनासभाहरूमा सहभागिता जनाए। क्रिस्मसको अवसरमा राजधानी गान्तोकका गिर्जाघरहरू खुबै राम्रोसँग सिङ्गारिएका छन्। गान्तोकको एमजी मार्गमा क्रिस्मसको रौनकता हेर्न मानिसहरूको भीड लागेको छ।

**क्रिस्मस सन्देश**

क्रिस्मस पर्वको पावन अवसरमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड़ अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई शुभकामना दिनुभएको छ। सोही प्रकारले सिक्किमका राज्यपाल श्री ओमप्रकाश माथुर अनि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पनि राज्यवासीलाई क्रिस्मस पर्वको अवसरमा शुभकामना दिनुभएको छ। आफ्नो सन्देशमा राज्यपालले क्रिस्मसलाई खुशी, प्रेम र क्षमाको पर्व बताउँदै राज्यवासीमा सामाजिक सद्भावना, मानवता र भ्रातृत्वको भावनालाई अझ सशक्त गर्न आग्रह गर्नुभएको छ। येशु ख्रीष्टको आदर्शले हामीलाई जिउने बाटो देखाइरहोस् भन्दै उहाँले प्रेम, स्नेह, शान्ति र सद्भावको सन्देश फैलियोस् भनी कामना गर्नुभएको छ। आफ्नो सन्देशमा मुख्यमन्त्री श्री तामाङले क्रिस्मसलाई प्रेम, करुणा र एकताको पर्व बताउँदै प्रभु यिशु ख्रीष्टले दिनुभएका शिक्षाहरूमाथि चिन्तन गर्न आग्रह गर्नुभएको छ।

**वाजपेयी जयन्ती**

देशले आज पूर्व प्रधानमन्त्री श्री अटल बिहारी वाजपेयीलाई उहाँको एक सयौं जन्म जयन्तीमा श्रद्धाञ्जलि अर्पण गरेको छ। अटल जयन्तीलाई देशमा सुशासन दिवसका रूपमा पालन गरिन्छ। राजधानी दिल्लीमा श्री वाजपेयीको समाधि **सदैव अटल**मा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड़ अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पुष्पाञ्जलि अर्पण गरेर पूर्व प्रधानमन्त्रीलाई श्रद्धासुमन अर्पण गर्नुभयो।

**राज्यपाल वाजपेयी**

यता सिक्किममा, राजभवनमा आयोजित कार्यक्रममा राज्यपाल श्री ओमप्रकाश माथुरले भारत रत्न पूर्व प्रधानमन्त्री श्री अटल बिहारी वाजपेयीलाई उहाँको एक सयौं जन्म जयन्तीको अवसरमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्नुभयो। यस अवसरमा राज्यपाल श्री माथुरले श्री अटल बिहारी वाजपेयीसँगको लामो र घनिष्ठ सम्बन्धलाई सम्झना गर्दै आफूलाई उहाँसित लामो समयसम्म काम गर्ने अवसर प्राप्त भएको बताउनु भयो। उहाँले भन्नुभयो, श्री अटल बिहारी वाजपेयीको सार्वजनिक जीवन अनि राष्ट्र प्रति उहाँको समर्पित भाव सदैव सम्झनामा रहनेछ अनि भावी पुस्ताका लागि प्रेरणाको स्रोत बन्नेछ।

**जोरथाङ माघे मेला**

जोरथाङ माघे मेलाको तयारी विषयलाई लिएर मंगलबार जुम सालघारी क्षेत्रका विधायक एवम् माघे मेला 2025 का प्रमुख संरक्षक श्री मदन सिञ्च्युरीको अध्यक्षतामा एउटा सभा सम्पन्न भयो। सभामा मुख्यमन्त्रीका प्रेस सचिव श्री योगेन तामाङ, नयाँ बजार-जोरथाङ नगरपञ्चायत अध्यक्ष श्री पवित्र मानव, महकुमा अधिकारी सुश्री मोनिका राई, बीडीओ सुश्री परमिला गुरुङलगायत अन्यको उपस्थिति रहेको थियो। सभामा आउँदो 9 जनवरीदेखि शुरु हुने मुख्यमन्त्री गोल्ड कप फुटबल टुर्नामेन्ट अनि यसको उद्घाटन, स्थानीय कलाकारहरूद्वारा प्रस्तुत गरिने विभिन्न कार्यक्रमलगायत अन्य विविध विषयमा उपसमितिका सदस्यहरूसित क्षेत्र विधायकले चर्चा गर्नुभयो। उहाँले समितिका सदस्यहरूलाई मेलालाई सुचारु रूपमा सञ्चालन गर्न समुचित व्यवस्थापन गर्न निर्देश पनि दिनुभयो।

**पशुचिकित्सा शिविर**

भारतीय सेनाको मद्रास रेजिमेन्टले मंगन जिल्ला पशुपालन एवम् पशुचिकित्सा सेवा विभागको सहयोगमा 17 हजार फिट उचाईमा रहेको लाचेन जुम्सा अन्तर्गत दोङकोङ क्षेत्रमा पशुचिकित्सा शिविरको आयोजना गरेको छ। यस अवसरमा हिमाली क्षेत्रका पशुलाई हुने रोगहरूबारे जानकारी दिनका साथै मंगनका विभागीय अधिकारी र चिकित्सकहरूले औषधी वितरण गरेका थिए। शिविरको आयोजना गत 23 दिसम्बरको दिन भएको थियो।

**बक्सिङ**

20 औं सिक्किम राज्य इन्लाइट बक्सिङ च्याम्पियनसिप 2024 मंगलबार नाम्चीको बक्सिङ हलमा सम्पन्न भयो। फाइनलमा सिक्किम विधानसभा उपाध्यक्ष श्रीमती राजकुमारी थापा मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। प्रतियोगिताको आयोजना नाम्ची जिल्ला बक्सिङ संघले सिक्किम एमेच्युर बक्सिङ संघको सहयोगमा गरेको थियो। यस अवसरमा प्रतियोगिताका मुख्य संरक्षक एवम् विधायक श्री सतिसचन्द्र राई, जिल्लापाल सुश्री अनुपा तामलिङलगायत बक्सर श्री जसलाल प्रधान र सुश्री सन्ध्या गुरुङको विशेष उपस्थिति रहेको थियो।